सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल
माननीय न्यायाधीश श्री नृपध्वज निरौला

# फैसला

०७६-CR-१७६८

मुद्दा : कर्तव्य ज्यान र जबरजस्ती चोरी।

फुर्पा लामाको जाहेरीले नेपाल सरकार------------------------------------१ — पुनरावेदक वादी

विरूद्ध

भुरूङ बहादुर बि.क.को छोरा सोलुखुम्बु जिल्ला, काङ्गेल गा.वि.स.वडा नं.३, (परिवर्तित दुधकौशिका गाउँपालिका, वडा नं.२) घर भई हाल काठमाडौं जिल्ला, गोकर्णमा बस्ने अम्मर बि.क.---------------------------------------------१ — विपक्षी प्रतिवादी

नामे बि.क.को छोरा सोलुखुम्बु जिल्ला, साविक मुक्ली गा.वि.स. वडा नं. ८, (परिवर्तित दुधकौशिका गाउँपालिका, वडा नं. ६) घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नं.१०, चौतारा बस्ने राम भन्ने लालबहादुर बि.क. ------------------------------------------------------------------------------१

**सुरु तहमा फैसला गर्ने** :माननीय न्यायाधीश श्री प्रकाश खरेल
:काठमाडौं जिल्ला अदालत

**फैसला मिति** :२०७३।५।२९

**पुनरावेदन तहमा फैसला गर्ने** :माननीय न्यायाधीश श्री किशोर सिलवाल
:माननीय न्यायाधीश श्री कृष्णबहादुर थापा
:उच्च अदालत पाटन

**फैसला मिति** :२०७५।१।२८

न्याय प्रशासन ऐन, २०७३ को दफा १२ (१) बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउँको निवेदन परी यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदनको रोहमा

दर्ता भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छः

**तथ्य खण्ड**

१. मिति २०७२।७।२७ को अं. १२:३० बजेको समयमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.६ भुवलडाँडा स्थित निमा दोर्जे लामा (शेर्पा) बस्ने निजको तीन तले पक्की घरको तेस्रो तलामा बाहिरबाट लागेको ताल्चा फोडी भित्र गई हेर्दा, ढोकाको आडमा सेतो कपडामा रगत जस्तो पदार्थ लागेको अवस्थामा रहेकोले रगत लागेको भाग काटी परीक्षणको लागि नमुना उठाईएको, कोठामा लत्ता कपडाहरू तथा सिरानी यत्रतत्र रहेको, १ फिट २ इन्च लम्बाई भएको खुकुरीको कालो खोल (दाप) रहेको, सो स्थान नजिकै बिडसहितको प्रयोग नभएको नाङ्गो अवस्थाको खुकुरी थान १ (एक) रहेको, चावीहरु रहेको, काठको फ्रेमभित्र रेहको सेफ खुल्ला अवस्थामा भई अन्य महत्त्वपूर्ण सामानहरू केही नरहेको, प्यासेजमा दक्षिण टाउको, उत्तर खुट्टा भई घोप्टो अवस्थामा मृतक निमा दोर्जे लामा शेर्पाको मृत लास रहेको, लास वरीपरी भुईभा रगत यत्रतत्र भई जमेको, भित्तामा रगतको छिर्काहरू लागी सुकेको अवस्थामा देखिएको, लासको घाटी मुनी काठको बिडको भागसहित १ फिट ६ इन्च लम्बाई भएको रगतले लतपतिएको खुकुरी थान १(एक) रहेको, लासको पछाडी घाटीतर्फ ज्याकेटको कलरको भागमा काटिएको र ज्याकेटमा रगत लागी सुकेको, मृतकको पछाडी दाँया घाटीको भागदेखि च्यापुसम्म ८ इन्च लम्बाई, ३ इन्च गहिराईको काटेको घाउचोट भई रातो मासु देखिएको, सो घाउँदेखि १ इन्च माथि टाउकोको भागमा ४ इन्च लम्बाई १ इन्च गहिराईको काटिएको घाउँ रहेको, दायाँ कानको भागसमेतमा काटिएको, उक्त चोटदेखि माथि ५ इन्च लम्बाई २ इन्च गहिराईको हड्डीसहित काटिएको घाउँचोट रहेको, अनुहारको भागमा रगतले पोतिएको, निधार र टाउकोको भागमा G आकारमा काटिएको, सोही घाउँ नजिकै टाउकोको भागमा ५ इन्च लम्बाई भएको ठाडो गरी काटेको चोट रहेको भन्नेसमेत ब्यहोराको घटनास्थल लासजाँच प्रकृती मुचुल्का।

२. मिति २०७२।७।२७ को दिउँसो अं.१२:३० बजेको समयमा फुपाजु निमा दोर्जे लामाको घरमा गई बाहिरबाट बोलाउँदा नबोले पश्चात च्यानल गेट फुटाई हेर्दा फुपाजु निमा दोर्जे लामा गर्दन काटीएको अवस्थामा मृत रहेको, कोठाभित्र रहेको सेफ खुल्लै रहेको, खुकुरीसमेत कोठामा रहेको, कोठाको सामानहरू तितरवितर अवस्थामा रहेको हुँदा फुपाजु निमा दोर्जे लामालाई कर्तव्य गरी मारी धनमालहरू लुटी लगेको हुनसक्ने भएकाले पछि कर्तव्यवाला खुली आएको बखत छुट्टै जाहेरी दरखास्त दिने नै हुँदा कानूनबमोजिम होस् भन्नेसमेत ब्यहोराको फुर्पा लामाले दिएको प्रारम्भिक जाहेरी दरखास्त।

३. निमा दोर्जे लामालाई आफ्नै घरभित्र कर्तव्य गरी मारेको भन्ने मिति २०७२।८।१ मा थाहा पाएको हुँ। उक्त घटना को कसले गरायो थाहा भएन। चिनजानकै व्यक्तिबाट घटना

भएको हुनसक्छ भन्नेसमेत ब्यहोराको कृष्ण बहादुर जोतीले गरेको कागज।

४. मिति २०७२।७।२५ को दिउँसो करिब १२.०० बजेको समयमा निमा दोर्जे लामा मेरो पसलमा आई एउटा जुस किनेर निजसँगै रहेको शरीर पातलो-पातलो, अनुहार कालो-कालो वर्ण भएको व्यक्तिलाई दिएको देखेको हुँ। पसलमा भिडभाड भएकाले मैले खासै वास्ता गरिन। त्यसपछि कता लागे थाहा भएन। मिति २०७२।७।२७ को दिउँसोको समयमा निजलाई आफ्नै घरमा कर्तव्य गरी मारेको भन्ने थाहा पाएको हुँ भन्नेसमेत ब्यहोराको रविन्द्र श्रेष्ठले गरेको कागज।

५. मिति २०७२।७।२७ को बिहान करिब ११:०० बजेको समयमा निमा दोर्जे लामाको छोरीसमेत आई फोन उठेन भनी बाहिरबाट लगाएको ताल्चा फोडी भित्र हेर्दा निमा दोर्जे लामा प्यासेजमा रक्ताम्मे भई मृत अवस्थामा फेला परेको हो। मृतकसँग हेलमेल भएको कुनै व्यक्तिले घटना घटाएको हुनसक्छ भन्नेसमेत ब्यहोराको छिमे वाङमो शेर्पाले गरेको कागज।

६. मिति २०७२।७।२५ मा लक्ष्मी पूजाको दिन बिहान अं. १०/११ बजेको समयमा निज निमा दोर्जे लामासँग १ जना कालो-कालो अनुहार, पातलो शरीर भएको व्यक्तिलाई कोठातर्फ गएको देखेको हुँ। निजको कोठामा काम गर्ने सबिना नाम गरेकी केटीसमेत घर गएको कुरा थाहा थियो। मिति २०७२।७।२७ को अं.१२:३० बजेको समयमा निजलाई कर्तव्य गरी मारेको कुरा थाहा पाएकी हुँ भन्नेसमेत ब्यहोराको मानिस फुर्वा लह्मु हेल्मुले गरेको कागज।

७. मेरो घरको आर्थिक अवस्थाका कारण निज निमा दोर्जे लामाको घरमा काम गर्न गएकी थिए। मिति २०७२।७।२२ को दिन निमा दोर्जे बाजेले रू.२,०००।- दिई तिहार मान्न भनी म घरमा गएको थिए। दशैंभन्दा अगाडि बाजेको घरमा वाल लगाउने ५ र ६ जना काम गर्ने मानिसहरू आएका थिए। काम गर्ने ४ जना मध्ये १ जना हल्का कालो ठिक्क शरीर भएका थिए। एक दिन ज्यामी काम गर्दा बढी पैसा लियो भनी बाजेले कराउँदा किन कराउनु भएको पैसा फिर्ता गर्छु भनेको थियो। म पहिलो पटक बाजेको घरमा आई बस्दा कालो कालो खालको, ठिक्कको पातलो शरीर, ठिकै अग्लो, कपाल पातलो, उमेर अं.३०/३५ को चौधरी जस्तो देखिने व्यक्तिले बाजेलाई सि-माला देखाई बार्गेनिङ गरी बिक्री गरी गएका थिए। बाजेले र मैलेसमेत माला डुप्लिकेट होलाभन्दा मसँग समेत रिसाएका थिए। करिब १ र २ महिनापछि र यही दशैं अगाडिसमेत आई बाजेसँग बसी कुरा गरी गएका थिए। मैले बाजेलाई सोध्दा बाजेले मैले रङ्ग लगाउने ठेक्काको काम दिएको थिए अली बढी पैसा लगेछ भन्ने कुरा गरेका थिए। भाई टिकाको दिन बेलुकाको समयमा मात्र

मैले मेमे निमा दोर्जे लामालाई आफ्नै कोठाभित्र कर्तव्य गरी मारेको भन्ने थाहा पाएको हुँ भन्नेसमेत ब्यहोराको सविना बलामीले गरेको कागज।

८. मिति २०७२।७।२७ को बिहान अं.१०/११ बजेको समयमा मामाको छोरी पासाङ लामाले मेरो भान्जा उर्केन लामालाई मामा हराएको जानकारी गराई भान्जा उर्केन लामाले मलाई भनी मसमेत मामाको घरमा जाँदा कोठा बाहिर भएको च्यानेल गेटमा चावी लगाई बन्द अवस्थामा थियो। हामीले ताल्चा फुटाई भित्र गई हेर्दा मामा निमा दोर्जे लामालाई धारिलो हतियार खुकुरीले घाँटी लगायतको भागमा प्रहार गरी विभत्स हत्या भएको देखी तत्काल प्रहरीमा खबर गरेका हौं। त्यहाँ आउजाउ गर्ने, हेलमेल भएकै व्यक्ति वा समूहबाटै धनमाल सम्पत्तीकै कारण, उद्देश्य र योजनासाथ घटना घटाएको हुनुपर्छ भन्नेसमेत ब्यहोराको फिन्जो लामाले गरेको कागज।

९. मिति २०७२।७।२५ को बिहान अं.९/१० बजे मेरो बुबासँग टेलिफोनमार्फत कुरा भएको थियो। ऐ.२६ गते बुबालाई फोन सम्पर्क गर्दा फोनको घण्टी गयो तर फोन उठेन। ऐ.२७ गते बिहान अं. ५:०० बजेको समयमा फोन सम्पर्क गर्दासमेत बुबाको फोन उठेन। ऐ. दिउँसो अं.१२:३० बजेको समयमा मैले आफन्तलाई भनी मसमेत भई बुबाको घरमा जाँदा बुबा बस्ने कोठाको सिँढी नजिकै रहेको च्यानेल गेट बाहिरबाट ताल्चा लगाएको, पटक-पटक बोलाउँदा भित्र कोठामा कोही नबोलेको हुँदा ताल्चा फुटाई भित्र हेर्दा प्यासेजमा बुबालाई धारिलो हतियारले विभत्स हत्या गरी छाडेको, घटनास्थलमा खुकुरी समेत रहेको, कोठामा रहेको सेफ खुल्ला अवस्थामा रहेको, कपडाहरू यत्रतत्र छरिएको अवस्थामा रहेको हुँदा धनसम्पत्तीको लागि नै उक्त घटना भएको हुनसक्छ भन्नेसमेत ब्यहोराको पासाङ शेर्पा (लामा) ले गरिदिएको कागज।

१०. मिति २०७२।७।२५ देखि ऐ.२७ सम्म म आफ्नै घरमा थिए। ऐ.२९ गतेका दिन मात्र मैले निमा दोर्जे लामालाई आफ्नै घरमा कर्तव्य गरी मारेको भन्ने जानकारी पाएको हुँ भन्नेसमेत ब्यहोराको टेकबहादुर जोतीले गरेको कागज।

११. पक्राउ परेका प्रतिवादीहरू अम्मर बि.क. र लालबहादुर बि.क.ले मिति २०७२।१।१२ मा आएको महाभूकम्पबाट निमा दोर्जे लामाको घरमा केही क्षति पुगी मर्मतपछि प्रतिवादी लालबहादुर बि.क.ले घर बाहिरको रङ्ग रोगनको काम गरेको, रङ्ग लगाउँदा काम बिगारी विवाद भई रङ्ग लगाएको कामवापतको रू.८००।- नदिएकोले लालबहादुर बि.क.ले सो कुरा अम्मर बि.क.लाई भन्दा अम्मर बि.क.ले बुढो एक्लै बस्छ, पैसा माग्ने निहुँ बनाई झै-झगडा गरी निजलाई मारी घरमा भएको धनमालहरू चोरी गरौं भन्ने सल्लाह गरी मिति २०७२।७।२५ को अं.१२:३० बजेको समयमा निजहरू दुबैजना निमा दोर्जे लामाको

घरमा गई पैसाको कुरा निकाली झगडा गरी धारिलो हतियार खुकुरीले फुपाजुलाई समाती टाउको एवं गर्दनसमेतमा पटक-पटक खुकुरीले काटी कर्तव्य गरी मारी मृतकको घर कोठामा रहेको सेफसमेतबाट बुद्धचित्त मालासमेतका धनमालहरू चोरी गरी भागेको भन्ने पक्राउमा परेका उल्लिखित प्रतिवादीहरूबाट खुल्न आएको हुँदा लक्ष्मी पूजाका दिन वरपरका मानिसहरू आ-आफ्नो काममा व्यस्त भएको मौका छोपी धारिलो हतियार खुकुरीले फुपाजुलाई पटक-पटक टाउको, घाटीसमेतमा प्रहार गरी काटी मारेको र कोठाभित्र रहेका बुद्धचित्त मालासमेतका धनमालहरू चोरी लगेको यकीन भएकाले पक्राउमा परेका निज राम भन्ने लालबहादुर बि.क. र अम्मर बि.क.उपर कानूनबमोजिम सजाय गरी पाउँ भन्नेसमेत ब्यहोराको फुर्पा लामाको जाहेरी दरखास्त।

१२. मसँगै पक्राउमा परेका अम्मर बि.क.मेरो सहोदर जेठान हुन्। निज जेठान र निमा दोर्जे लामा शेर्पाबीच पहिलादेखि नै चिनजान भएकाले निमा दोर्जे लामाको घरमा केही दिन रङ्ग लगाउने काम गरेको हुँ। निमा दोर्जे लामालाई मार्ने त्यस्तो कुनै ठुलो योजना थिएन। कात्तिक महिनाको १८-२० गतेतिर जेठान अम्मर बि.क. मेरो कोठामा गएको अवस्थामा मैले निमा दोर्जे लामासँग काम गरेको केही रकम लिनु पर्नेछ, तिहार पनि आई सक्यो भन्दा निज जेठानले निमा दोर्जे लामाको जति पनि सम्पत्ती छ, छोराछोरी सबैजना अमेरिकामा बस्छन्, निमाले व्यापार पनि गर्छन्, आफू एक्लै बस्छन्, पैसा दिई हाल्छ नि भन्ने कुरा भएको थियो। मिति २०७२ कार्तिक २५ गते बिहान तिनचुली जाँदा बाटोमा जेठान अम्मर बि.क.सँग भेट हुँदा जेठानले कता जान लागेको भन्दा निमा दोर्जे लामाको घरमा पैसा माग्न जान लागेको भनी जाँदै गर्दा जेठान अम्मर बि.क. निमा दोर्जे लामाको घरमा पुगी सकेका रहेछन्। म पुगे पश्चात निमा दोर्जे लामाले लोकल रक्सी निकाली एक ग्लास अम्मर बि.क.लाई दिई, आफूले पनि खाए, निमा दोर्जेले मलाई पनि रक्सी खा भनेका थिए, मैले खाईन। मैले निमा दोर्जे लामासँग बाँकी रकम चाहियो भन्ने कुरा गर्दा तैंले राम्रो काम गरिनस् पैसा दिन्न भने त्यसपछि अम्मर बि.क.ले निमा दोर्जेलाई काम गरेको पैसा त दिनुपर्‍यो नी भनी निहुँ खोजे। निमा दोर्जेले अम्मर बि.क.लाई तँ को हो? म पैसा दिंदैदिन्न भन्दा अम्मर बि.क. र निमा दोर्जेबीच धकेलाधकेल भयो। मैले सम्झाएँ जस्तो गरे। अम्मर बि.क. लाई किचन र्‍याक नजिकै कोठाको मुडामा बसेको अवस्थामा निमा दोर्जेले धकेली भुईमा लडाए। मलाई पनि रिस उठ्यो, निमाले अम्मर बि.क.लाई झम्टी हान्न खोजेकोले मैले तान्न खोज्दा निमा दोर्जेले मलाई पनि कठालोमा समाती प्यासेजको भित्तातिर धकेली दिए, सोही अवस्थामा जेठान अम्मर बि.क.ले निमा दोर्जेलाई पहिलो प्रहार टाउकोमा हाने। निमा दोर्जे लडी फेरी उठी झम्टन खोज्दा सोही खुकुरीले घाँटीसमेतको भागमा प्रहार गर्दा निमा दोर्जे प्यासेजमा ढले। अम्मर बि.क.ले निमा दोर्जेलाई कति पटक प्रहार गरे मैले याद

गरिन। अम्मर बि.क.ले प्रहार गरेको खुकुरी पनि त्यही ढलेको ठाउँमा छाडेका हुन। त्यस पछि म त्यो घरको कम्पाउण्ड बाहिर निस्की बाटोतर्फ बसेको थिए। त्यस्तै ५/७ मिनेट पछि अम्मर बि.क. म भएको ठाउँमा आए। अब जाँउजाउँ भन्दा फेरी अम्मर बि.क.फर्की घटनास्थल तिरै गए। म त्यँहाबाट केही पर गई बसेको थिएँ। करिब ९/१० मिनेट पछि फर्की आए पछि जेठान एकातिर लागे। म जोरपाटी अरब बैङ्क नेर बाटो निस्की कोठा तिर लागेको हुँ। घटनापछि अम्मर बि.क.ले एउटा माला जस्तो ल्याएका थिए। अरू के, के ल्याए थाहा भएन, सेफ अम्मर बि.क.ले नै खोलेको हुनुपर्छ भन्नेसमेत ब्यहोराको प्रतिवादी लालबहादुर बि.क.ले मौकामा गरेको बयान।

१३. निमा दोर्जे लामालाई मैले करिब २/३ वर्ष अगाडिदेखि निजको घरमा सेफ्टी ट्याङकी सफा गर्ने बेलादेखि चिनेको हुँ। म निमा दोर्जे लामाको घरमा बेला-बेलामा गई रहन्थे। निजको छोराछोरीहरू अमेरीकामा बस्ने गरेको, निज घरमा एक्लै बस्दै आएका र मुगा मालाहरू बिक्री गर्ने गरेको थाहा थियो। मिति २०७२।७।१८ वा २० मा म ज्वाई लालबहादुर बि.क.को कोठामा जाँदा ज्वाई लालबहादुर बि.क.ले निमा दोर्जे लामा शेर्पासँग काम गरेको पैसा लिनुपर्नेछ भन्ने कुरा गरेकाले मैले निमा दोर्जेसँग जति पनि सम्पत्ति छ, पैसा दिन्छन भन्ने कुराहरू भएको थियो। मिति २०७२।७।२५ मा लक्ष्मी पूजाकै दिन बिहान निमा दोर्जेसँग भेट भई तिहार खर्च माग्दा पैसा छैन्, घर खर्च मात्रै छ। त्यही पनि आज म पैसा दिन्न भनेकाले फर्की तिनचुली गएको थिए। त्यहाँ ज्वाई लालबहादुर बि.क. सँग भेट भई निमा दोर्जे लामाको घरमा गई ज्वाईले निमा दोर्जेसँग काम गरेको बाँकी पैसा दिनुपर्‍यो भन्दा निमा दोर्जेले तैले राम्रो काम गरेको छैन, पैसा दिन्न भनेकाले मैले काम गरेको पैसा त दिनुपर्‍यो नि मेमे भनी कुरा गर्दा तँ को होस् यसो भन्ने भनी तान्न खोजे हातपात गर्ने प्रयास गरेकाले ज्वाई लालबहादुर बि.क.ले उल्टै निहुँ नखोज्नु भनी मलाई सानो मुडामा बस्न लगाए। त्यसपछि पनि निमा दोर्जे लामाले मलाई मुडाबाट लडाई दिए। म उठी सकेपछि समेत झम्टी हात हाल्न खोज्दा ज्वाईले तान्दै प्यासेजतर्फ लाँदा निमा दोर्जेले ज्वाईलाई समाती हुत्याई दिई भित्तामा ठोकिए। त्यही बेलामा निमा दोर्जेको प्यासेजदेखि पूर्वतर्फको कोठाबाट खुकुरी निकाली निमा दोर्जेको टाउकोमा हिर्काए। निज भुईमा लडे, फेरी उठी मलाई हान्ने प्रयास गरेकाले सोही खुकुरीले निमा दोर्जे लामाको घाँटी समेतमा हाने पछि प्यासेजमा लडे। मैले खुकुरी निज लडेकै ठाउँमा छाडेको हुँ। ज्वाई लालबहादुर बि.क.पनि त्यही थिए, ज्वाईले यता, उता हेरी कोही नदेखे पछि अगाडि निस्की म केही बेरपछि निस्किएको हुँ। म फेरी निमा दोर्जेको कोठामा जाँदा निज मरी सकेको जस्तो लाग्यो। पुनः घटनास्थलमा गई निस्कने क्रममा उक्त गेटमा चावी मैले नै लगाएको हो जस्तो लाग्छ। चावी कता हरायो थाहा भएन, निजको घरमा बुद्धचित्त माला थियो, कता राखे थाहा भएन

भन्नेसमेत ब्यहोराको प्रतिवादी अम्मर बि.क.ले मौकामा गरेको बयान।

१४. कालो, ठिक्क शरीरको, दाह्री भएको हाल नाम सुनी थाहा भएको अम्मर बि.क.मृतक निमा दोर्जे लामाको घरमा आई रहने व्यक्ति हुन्। एकपटक निमा दोर्जेको घरमा आई नक्कली माला हो भन्दा नमानी भित्र आई १०/१५ सय लिई जाने व्यक्ति यिनै हुन्। घटनाको बारेमा बुझ्दा यिनै व्यक्तिबाट घटना भएको हो भन्नेसमेत ब्यहोराको सबिना बलामीले गरेको कागज।

१५. निमा दोर्जे लामालाई मैले करिब २०/२५ वर्ष अगाडिदेखि चिन्दछु। मिति २०७२।७।२७ को दिउँसो अं.१:०० बजेतिर निमा दोर्जे लामालाई कोठामा मारेको खबर पाएको हुँ। अनुसन्धानको सिलसिलामा प्रहरीले अम्मर बि.क. र लालबहादुर बि.क.लाई पक्राउ गरेको, निज व्यक्तिहरूले नै घटना घटाएको भनी स्वीकार गरेको, अम्मर बि.क. निमा दोर्जे लामाको घरमा जाने तथा लालबहादुर बि.क.ले रङ्ग लगाउने काम गरेको भन्ने पछि थाहा पाएको हुँदा यी प्रतिवादीहरूले नै ज्यान मारी धनमालहरू लाने उद्देश्यले घटना घटाएको हुनुपर्छ भन्नेसमेत ब्यहोराको ईन्द्रबहादुर तामाङले गरेको कागज।

१६. म र फुर्पा ल्हामु हेल्मु निमा दोर्जे लामाको घरको भुई तलामा कोठा भाडामा लिई बसेका छौं। मिति २०७२।७।२५ को बिहान अं.११:०० बजेको समयमा हामी दुबैजना भाँडा सफा गरी रहेको अवस्थामा हाल नाम थाहा भएको अम्मर बि.क. भन्ने व्यक्तिलाई निमा दोर्जे लामाको कोठातर्फ जाँदै गरेको देखेका हौं। लालबहादुर बि.क. के-कति बेला निमा दोर्जे लामाको कोठामा गएका हुन् थाहा भएन, निमा दोर्जे लामाको हत्या निज प्रतिवादीहरुले गरेको कुरा पछि मात्र थाहा पाएको हुँ भन्नेसमेत ब्यहोराको प्रकाशदेवी लामाले गरेको कागज।

१७. प्रतिवादीहरू अम्मर बि.क. र लालबहादुर बि.क.को घरकोठामा तलासी गर्दा अपराधमा प्रमाणमा लाग्ने त्यस्ता कुनै पनि किसिमको दशी प्रमाणहरू फेला नपरेको भन्नेसमेत ब्यहोराको खानतलासी तथा बरामदी मुचुल्का।

१८. निमा द्रोर्जे लामाको छोराछोरी अमेरीकामा बस्ने गरेको, निमा दोर्जे लामा घरको सबैभन्दा माथि तलामा एक्लै बस्ने गरेको, निजको घरमा काम गर्न बसेकी सबिना बलामी नाम गरेकी केटी तिहार मनाउन घरतर्फ गएको, मिति २०७२।७।२७ को दिउँसो अं.१२:३० बजेको समयमा निमा दोर्जे लामालाई कर्तव्य गरी मारेको कुरा थाहा पाई घटनास्थलमा पुग्दा निजलाई धारिलो हतियार खुकुरीले प्रहार गरी विभत्स तवरबाट हत्या गरेको, घटनामा प्रयोग भएको खुकुरीसमेत घटनास्थलमै रहेको, कोठाभित्र रहेको सेफ खुल्ला अवस्थामा रहेको, कपडाहरू यत्रतंत्र छरिएको देखें। मिति २०७२।७।२७ को दिउँसो अं.१२:३० बजेको

समयमा निमा दोर्जे लामा बस्ने गरेको स्थानमा आई बोलाउँदा नबोले पश्चात गेटमा रहेको ताल्चा फोडी भित्र हेर्दा निमा दोर्जे लामाको मृत लास प्यासेजमा रहेको फेला परेको थियो। प्रहरीले अनुसन्धानको सिलसिलामा अम्मर बि.क. र लालबहादुर बि.क.लाई पक्राउ गरी निजहरुले नै घटना स्वीकार गरेको भन्ने थाहा पाएँ। यी प्रतिवादीहरू अम्मर बि.क.र लालबहादुर बि.क.ले धनसम्पत्तीकै कारण योजना सल्लाह मिलाई धारिलो हतियार खुकुरीले टाउको घाँटी लगायतको भागमा प्रहार गरी कर्तव्य गरेकोमा पूर्ण विश्वास लाग्यो भन्नेसमेत ब्यहोराको कुन्छोक ग्याल्छेन लामासमेतले गरेको सर्जमिन मुचुल्का।

१९. प्रस्तुत मुद्दामा प्रतिवादीहरूको कार्य मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. तथा चोरीको महलको १ नं. र ४ नं. बमोजिमको कसूर हुँदा निज प्रतिवादीहरूलाई सोही ऐनको ज्यान सम्बन्धी महलको १३(१) र चोरीको महलको १४(२) बमोजिम सजाय गरी बिगो रू.३,००,०००।- प्रतिवादीहरूबाट मृतकको सहोदर छोरी पासाङ्ग शेर्पा लामालाई दिलाई भराई पाउँ भन्नेसमेतको ब्यहोराको अभियोगपत्र ।

२०. मिति २०७२।७।२५ को ९:०० बजे मेरो सोल्टीको मृत्यु भएकोले पशुपतीमा मलामी गई बेलुका ५:३० बजे घर फर्केको हो। ऐ.२६ र २७ गते घरमै बसेको थिए। निमा दोर्जे लामालाई म चिन्दीन मैले निजको घरमा काम गरेको पनि छैन। निजलाई खुकुरीले काटी मारी बुद्धचित्तको मालासमेत चोरी गरेको भन्ने जाहेरीसमेत मेरो हकमा झुट्ठा हो। को, कसले मारेका हुन मलाई थाहा छैन। म निर्दोष छु सफाई पाउँ भन्नेसमेत ब्यहोराको प्रतिवादी राम भन्ने लालबहादुर बि.क.ले सुरु काठमाडौं जिल्ला अदालतसमक्ष गरेको बयान।

२१. मिति २०७२।७।२५ मा म मृतकको घरभन्दा तलतिर गुम्बामा खाना खान गएको, त्यहीं मृतकसँग भेट भएको र मृतकले बोकेको आलुको झोला म बोकी दिन्छु भनी उक्त झोला बोकी निजको घरसम्म पुऱ्याई दिएको र निजको घरको गेटसम्म पुऱ्याई एक गिलास रक्सी खाई फर्केको हुँ। सो बखत मैले मसँग जप गर्ने माला छ लिनुहुन्छ भनी सोध्दा बुद्धचित्तको हो रहेछ भने लिन्छु भनेका थिए। माघको २४/२५ गते तिर निजको घरमा जाँदा २ जना केटा रहेछन, त्यहीं बखत म पक्राउ परेको हुँ। निजको मृत्यु कसरी भयो मलाई थाहा छैन। मैले र लालबहादुर बि.क.ले हानेर निमा दोर्जे लामालाई मारी धनमाल चोरी गरेको भन्ने झुट्ठा हो। २०७२।७।२५ मा मृतकसँग निजको घरमा जानु गल्ती भयो। म मात्र गएको थिए लालबहादुर गएका थिएनन् भन्नेसमेत ब्यहोराको प्रतिवादी अम्मर बि.क.ले सुरु काठमाडौं जिल्ला अदालतसमक्ष गरेको बयान।

२२. सुरु काठमाडौं जिल्ला अदालतको मिति २०७२।११।२३ को आदेशानुसार प्रतिवादीहरू

अम्मर बि.क. र राम भन्ने लालबहादुर बि.क.लाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने आदेश भएको।

२३. अनुसन्धानको सिलसिलामा घट्नास्थलबाट उठाइएको नाङ्गो खुकुरी सङ्केत नं. C, D र सङ्केत E ताल्चा समेतलाई Super Glue Cabin मा राखी Chance Print Developing प्रक्रिया गरिएकोमा उक्त भौतिक सवुदमा Chance Print Developing नभएको साथै सङ्केत D र सङ्केत E मा Save गरी पठाएको मौकाछाप अस्पष्ट भएको भन्ने ब्यहोराको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त औंठाछाप परीक्षण प्रतिवेदन।

२४. अनुसन्धानको क्रममा मिति २०७२।८।१ मा गरिदिएको कागजलाई सनाखत गरी कृष्णबहादुर ज्योतीले सुरु अदालतसमक्ष गरेको बकपत्र।

२५. मिति २०७२।७।२५ को दिन प्रतिवादी लालबहादुर बि.क. र म पशुपतीमा मलामी गई बेलुका ५:३० बजेतिर आ-आफ्नो घर फर्केको हो। लालबहादुर निर्दोष भएको हुँदा सजाय हुनुपर्ने होइन भनी लालबहादुर बि.क.का साक्षी हर्क बहादुर बि.क.ले सुरु अदालतसमक्ष गरेको बकपत्र ।

२६. प्रहरी र निमा दोर्जेका मानिस आएपछि मात्र हामीलाई निमा दोर्जेको मृत्यु भएको सम्बन्धमा थाहा भएको हो। को कसले मारेको भन्ने सम्बन्धमा मलाई केही थाहा छैन भन्नेसमेत ब्यहोराको फुर्वा ल्हामु हेल्मुले सुरु अदालतसमक्ष गरेको बकपत्र ।

२७. अनुसन्धानको क्रममा प्रतिवादीहरू लालबहादुर बि.क. र अम्मर बि.क. निमा दोर्जे लामाको घरमा आउने जाने गर्ने गरेको खुली उनीहरू माथि अनुसन्धान गरेको र उनीहरूलाई दोषी ठहर गरी मुद्दा चलाएको प्रहरीबाट थाहा पाएको हो भन्नेसमेत ब्यहोराको फिन्जो लामाले सुरु अदालतसमक्ष गरेको बकपत्र ।

२८. अनुसन्धानको क्रममा मिति २०७२।८।२ मा गरिदिएको कागजलाई सनाखत गरी सविना बलामीले सुरु अदालतसमक्ष गरेको बकपत्र।

२९. प्रहरीको अनुसन्धानबाट प्रतिवादीहरूले निमा दोर्जेलाई मारेको भन्ने खुलेको हो। भाद्र महिनातिर निमा दोर्जेले मलाई पर्खाल बनाउने मिस्त्री खोजिदिन भनेकोले मैले राजकुमार बम्जनसहित ४ जना मिस्त्री खोजिदिएको थिएँ। अरू थाहा भएन भन्नेसमेत ब्यहोराको ईन्द्र बहादुर तामाङले सुरु अदालतसमक्ष गरेको बकपत्र।

३०. तिहारको औंसीको दिनको बिहान मैले बुबा निमा दोर्जे लामासँग फोनमा कुरा गरेको थिएँ। भोलीपल्ट फोन गर्दा उठेन। पर्सिपल्ट घरभाडामा बस्ने छिमी भन्नेले बाजे बाहिर निस्कनु भएन। दुध ल्याउने मानिस फर्किए भनी मलाई भन्न मेरो घरमा आएकोले हेर्न जाँदा बुबा

निमा दोर्जेलाई मारेको रहेछ भन्ने थाहा भयो। को, कसले किन मारे भन्ने सम्बन्धमा प्रहरीमा सोध्दा नक्कली माला बेच्ने दुई जना छ भनेका थिए। अरू थाहा भएन भन्ने समेत ब्यहोराको पासाङ लामा (शेर्पा) ले सुरु अदालतसमक्ष गरेको बकपत्र ।

३१. फुपाजुको छोरीले फोन गरेकोले म समेत भई निजको घरमा जाँदा निमा दोर्जे लामालाई घाँटीमा हानेर मारेको मृत अवस्थामा भेटेको हो। प्रतिवादीहरूको निमा दोर्जे लामासँग लेनदेन थियो र सोही कारणले निजहरूले हानेर मारेको भनी प्रतिवादीहरूले बयानमा भनेकोले थाहा पाएको हो। कें-के सम्पत्ति थियो के, कति लगे मलाई थाहा भएन भन्नेसमेत ब्यहोराको फुर्पा लामाले सुरु अदालतसमक्ष गरेको बकपत्र।

३२. निमा दोर्जे लामाको घरमा काम गर्ने सविना बलामी समेतको भनाईको आधारमा प्रहरीले अनुसन्धान गर्दा प्रतिवादीहरू लालबहादुर बि.क.र अम्मर बि.क.ले मारेको भन्ने प्रहरीबाट सुनी थाहा पाएको हुँ। काम गर्ने सविना बलामीको भनाई अनुसार प्रतिवादीहरू निमा दोर्जे लामाको घरमा आईरहने गरेका रहेछन् भन्नेसमेत ब्यहोराको कुन्छोक ग्याल्छेन लामाले सुरु अदालतसमक्ष गरेको बकपत्र ।

३३. प्रतिवादीहरूले नै निमा दोर्जे लामालाई मारेको भनेर प्रहरीको अनुसन्धानबाट खुलेको हो। निजहरू त्यहाँ आउने जाने गरेको र निमा दोर्जे एक्लै बस्ने गरेको हुँदा शङ्का लाग्छ भन्नेसमेत ब्यहोराको उर्गेन लामाले सुरु अदालतसमक्ष गरेको बकपत्र ।

३४. लक्ष्मी पूजाको दिनमा निमा दोर्जे लामाको मृत्यु भएको सम्बन्धमा २/३ दिनपछि थाहा पाएको हो। प्रहरीले प्रतिवादीहरूले रङ्ग लगाएको रकम माग गर्न जाँदा मारेको भनेर भनेकोले थाहा पाएको हुँ भन्नेसमेत ब्यहोराको बिकी शेर्पाले सुरु अदालतसमक्ष गरेको बकपत्र।

३५. प्रतिवादीहरूले मृतक निमा दोर्जे लामाको कर्तव्य गरी जबरजस्ती चोरी गरेको पुष्टि हुने ठोस र तथ्ययुक्त सवुद प्रमाण पेस गर्न सकेको देखिएन। कर्तव्य ज्यान जस्तो गम्भिर फौजदारी कसूरमा शङ्कारहित र स्वतन्त्र प्रमाणको अभावमा केवल अधिकारप्राप्त अधिकारी समक्षको साबिती बयानको आधारमा मात्र प्रतिवादीहरूलाई कसूरदार ठहर गर्न मिलेन। प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(१) तथा चोरीको महलको १४(२) बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग दावी पुग्न नसक्ने ठहरी प्रतिवादीहरू अम्मर बि.क. र लालबहादुर बि.क.ले अभियोग दावीबाट सफाई पाउने ठहर्छ भन्नेसमेत ब्यहोराको सुरु काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।५।२९ मा भएको फैसला।

३६. प्रतिवादी राम भन्ने लालबहादुर बि.क.ले मृतकको घरमा रङ्ग लगाएको र सो वापत मृतकले रू.८००।- नदिएको कारण विवाद भई प्रतिवादीहरूले आपसमा मिली खुकुरी प्रहार गरी

मृतकको हत्या गरेको कुरा मौकामा स्वीकार गरेको र सो तथ्य अन्य वारदात स्थलको अवस्था, जाहेरी दरखास्त, लाश जाँच प्रकृती मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतबाट समर्थित भएको अवस्था छ। मृतकको यी प्रतिवादीहरू बाहेक अन्य कोही कसैसँग झै झगडा रिसइबीसमेत छैन र मार्नुपर्ने कारण समेत देखिँदैन। मृतकको विषयमा जानकारी पाई पहिचानसमेत भएका यी प्रतिवादीहरूको अनुकूल अवस्थाको छनौट गरी वारदात घटाएको सन्दर्भमा वस्तुगत विश्लेषण भएको देखिँदैन। लामो समयपछि पक्राउ भएबाट चोरी गरेको धनमाल नष्ट भइसक्ने वा खाइमासी सक्ने वा रूप परीवर्तन गर्नसक्ने प्रवल सम्भावना देखिन्छ। प्रतिवादीहरूको मौकाको बयानजस्ता आधार र कारणबाट अभियोग मागदावी बमोजिम कसूर गरेको देखिँदा देखिँदै प्रतिवादीहरूलाई सफाई दिने गरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम सजाय गरी पाउँ भन्नेसमेत ब्यहोराको वादी नेपाल सरकारको तर्फबाट उच्च अदालत पाटनमा परेको पुनरावेदनपत्र।

३७. प्रतिवादीहरूले अभियोग दावीबाट सफाई पाउने ठहऱ्याई सुरु काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।५।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत ब्यहोराको उच्च अदालत पाटनबाट मिति २०७५।१।२८ मा भएको फैसला।

३८. मृतक निमा दोर्जे शेर्पाको मृत्यु SHARP FORCE WOUNDS TO THE HEAD AND NECK का कारण भएको शव परीक्षण प्रतिवेदनबाट पुष्टि भएको छ। प्रतिवादी अम्मर बि.क. र लालबहादुर बि.क.ले मृतकसँग घरमा रङ्गरोगन गरेको रु.८००।- को लेनदेनको विषयमा विवाद भई खुकुरी प्रहार गरी हत्या गरेको कुरा अनुसन्धानको क्रममा स्वीकार गरेका छन्। मृतकलाई मारी सकेपछि बुद्धचित्तको मालासमेत अम्मर बि.क.ले लिई गएको प्रतिवादीहरूकै मौकाको बयानबाट खुली रहेको तथा सम्पतिको लोभमा परी प्रतिवादीहरूले वारदात घटाईएको स्पष्ट देखिएको छ। वारदात भएको लामो समयपछि प्रतिवादीहरू पक्राउ भएबाट चोरी गरेको धनमाल खाइमासी गर्नसक्नेतर्फ आवश्यक विवेचना हुन जरुरी छ। त्यस्तै जाहेरवाला फुर्वा लामाले जाहेरी ब्यहोरामा प्रतिवादीहरू उपर किटानी जाहेरी दिएको र निजले अदालत समक्ष उपस्थित भई किटानी जाहेरीलाई समर्थन गर्ने गरी बकपत्र गरिदिएको अवस्थामा उक्त बकपत्र तथा प्रतिवादीहरुले अनुसन्धानको क्रममा गरेको बयानसमेतलाई प्रमाणमा नलिई भएको उक्त फैसला प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) तथा दफा १८ समेतबाट त्रुटिपूर्ण हुँदा बदरभागी छ। प्रतिवादी अम्मर बि.क.ले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा वारदातको दिन मृतकको घर नजिकै गएको बेला मृतकसँग भेट भएपछि

मृतकले जुस किनी १ वटा आफूलाई खान दिएको, मृतकको सामान बोकी निजको घर कोठामा गएको भन्नेसमेतको बयानलाई मौकामा बुझिएका मानिसहरु रविन्द्र श्रेष्ठले आफ्नो पसलमा जुस किनी मृतकले सँगै आएका व्यक्तिलाई खान दिएको भनी गरिदिएको कागज र प्रकाश देवी लामाले प्रतिवादी अम्मर बि.क.वारदातभन्दा अघि मृतकको कोठामा जाँदै गरेको देखेका हौं भनी गरिदिएको कागजसमेतका परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादीहरू लालबहादुर बि.क. र अम्मर बि.क.ले मृतकको काम व्यवहार, अवस्थाको जानकारी पाई लक्ष्मी पूजाको दिन सबै जना व्यस्त भएको मौका पारी काम गरेको पैसा माग्ने बहाना बनाई मृतकको घरमा गई मृतकलाई कर्तव्य गरी मारी धनमालसमेत चोरी गरी लगेको तथ्य पुष्टि भईरहेको अवस्थामा परिस्थितिजन्य प्रमाणहरूको कुनै विश्लेषण नै नगरी प्रतिवादीहरूलाई सफाई ठहऱ्याउने गरी उच्च अदालत पाटनबाट भएको त्रुटिपूर्ण फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदावी बमोजिम सजाय गरी पाउँ भन्नेसमेत ब्यहोराको नेपाल सरकारको तर्फबाट यस अदालतमा पेश गरेको मुद्दा दोहोऱ्याई हेरी पाऊँ निवेदन।

३९. यसमा निमा दोर्जे शेर्पाको मृत्यु कर्तव्यबाट भएको तथ्यमा विवाद नरहेको, प्रतिवादीहरू उपर किटानी जाहेरी परेको, अम्मर बि.क., लालबहादुर बि.क.समेतका प्रतिवादीहरूले अनुसन्धानका क्रममा आरोपित कसूरमा साबित भई बयान गरेको तथा बुझिएका मानिसको कागजसमेतका अन्य परिस्थितिजन्य प्रमाणबाट आरोपित कसूर प्रमाणित भैरहेको अवस्थामा निजहरूलाई सफाई दिने गरी उच्च अदालत पाटनबाट मिति २०७५।१।२८ मा भएको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३, ५४ समेतका कानूनको प्रयोग र व्याख्यामा त्रुटि देखिंदा न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१)(क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरिदिएको छ भन्ने ब्यहोराको यस अदालतबाट मिति २०७६।११।३० मा भएको आदेश।

## ठहर खण्ड

४०. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरियो।

४१. पुनरावेदक/वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री शान्ती प्रसाद लुँइटेलले प्रतिवादीहरुले अनुसन्धानको क्रममा मृतकको घरमा रङ्ग लगाएको ज्यालाको विषयमा विवाद उत्पन्न भई हत्या गरी बुद्धचित्तको माला समेत अम्मर बि.क.ले लिएर गएको साबिती बयान गरेका छन्। वारदात भएको लामो समयपछि प्रतिवादीहरु पक्राउ भएबाट चोरी गरेको बुद्धचित्तको माला खाइमासेको हो। जाहेरवाला फुर्पा लामाले किटानी जाहेरी

दिई सुरु अदालतसमक्ष उक्त किटानी जाहेरीलाई समर्थन गर्ने गरी बकपत्र समेत गरेको छ। प्रतिवादी अम्मर बि.क.लाई घटना भएको दिन बुझिएका मानिसहरुले मृतकसँग देखेको भनी गरेको कागज समेतका परिस्थितिजन्य प्रमाणहरुबाट मृतकलाई कर्तव्य गरी मारी धनमाल समेत चोरी गरी लगेको तथ्य पुष्टि भई रहेको छ। परिस्थितिजन्य प्रमाणहरुको विश्लेषण नै नगरी आरोपित कसूरबाट सफाई दिने गरी सुरु अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको उच्च अदालत पाटनबाट भएको फैसला उल्टी गरी प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

४२. मिति २०७७।४।१९ मा प्रत्यर्थी प्रतिवादीहरुको नाममा म्याद जारी भई पठाइएकोमा सोलुखुम्बु जिल्ला अदालतबाट बेपत्ते म्याद तामेल भई आएकोले मिति २०८१।११।२८ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रतिवादीहरुको नामको म्याद सूचना प्रकाशन भएकोमा उक्त म्याद भित्र प्रतिवादीहरु हाजिर नभई म्याद गुजारी बसेको देखियो।

४३. उल्लिखित तथ्य, पुनरावेदन जिकिर एवं बहस जिकिरसमेत सुनी प्रस्तुत मुद्दामा सुरु जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छ वा छैन? पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय गर्नुपर्ने देखियो।

४४. निर्णयतर्फ बिचार गर्दा, प्रतिवादीहरु लालबहादुर बि.क. र अम्मर बि.क.लाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. तथा चोरीको महलको १ र ४ नं. को कसूरमा सोही ऐनको ज्यान सम्बन्धी महलको १३(१) र चोरीको महलको १४(२) बमोजिम सजाय गरी बिगो वापतको रु. ३,००,०००।- प्रतिवादीहरुबाट मृतकको छोरी पासाङ्ग शेर्पा लामालाई दिलाई भराई पाउँ भन्ने अभियोगदावी रहेको देखियो। सुरु काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरुलाई अभियोगदावीबाट सफाई पाउने गरी फैसला भएकोमा वादी नेपाल सरकारले उक्त फैसलामा चित्त नबुझाई उच्च अदालत पाटनमा पुनरावेदन गरेकोमा उच्च अदालत पाटनबाट सुरु फैसला सदर गरी प्रतिवादीहरुलाई अभियोगदावीबाट सफाई पाउने ठहऱ्याई फैसला गरेको देखियो। उच्च अदालत पाटनको फैसलाउपर वादी नेपाल सरकारले पुनः चित्त नबुझाई यस अदालतमा मुद्दा दोहोऱ्याई पाउँको निवदेन गरेकोमा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई प्रस्तुत मुद्दा पुनरावेदनको रोहमा दर्ता भई यस इजलास समक्ष पेश भएको देखियो।

४५. अब, वादी नेपाल सरकारको पुनरावेदन जिकिर हेर्दा, निमा दोर्जे शेर्पाको मृत्यु कर्तव्यबाट भएको तथ्यमा विवाद नरहेको, प्रतिवादीहरू उपर किटानी जाहेरी परेको, अम्मर बि.क. समेतका प्रतिवादीहरूले अनुसन्धानका क्रममा आरोपित कसूरमा साबित भई बयान गरेको

तथा बुझिएका मानिसको कागजसमेतका अन्य परिस्थितिजन्य प्रमाणबाट आरोपित कसूर प्रमाणित भैरहेको अवस्थामा अभियोग मागदावी बमोजिम नै प्रतिवादीहरुलाई सजाय गरी पाउँ भन्ने मुख्य जिकिर रहेको देखिन्छ। यस स्थितिमा प्रतिवादी अम्मर बि.क. र राम भन्ने लालबहादुर बि.क.लाई अभियोगदावी बमोजिम नै सजाय हुन पर्ने हो वा होइन भन्ने विषयमा नै मिसिल संलग्न सम्पूर्ण प्रमाणको विश्लेषण गर्नुपर्ने देखिन आयो।

४६. प्रस्तुत मुद्दाको उठान घटनास्थल लासजाँच मुचुल्काबाट भएको देखिन्छ। मिति २०७२।७।२७ को दिउँसो निमा दोर्जे लामा गर्दन काटिएको अवस्थामा निजकै घरमा मृत भेटिएको, सेफ खुलै रहेको तथा सामानहरु तितरवितर अवस्थामा रहेकोले निमा दोर्जे लामालाई कर्तव्य गरी मारी धनमाल लुटी लगेको हुनसक्ने भएकोले पछि कर्तव्यवाला खुली आएका बखत छुटै जाहेरी दरखास्त दिने भनी प्रारम्भिक जाहेरी दरखास्त परेको देखिन्छ। मिति २०७२।१०।२४ मा प्रतिवादीहरु राम भन्ने लालबहादुर बि.क. र अम्मर बि.क. पक्राउ परेपछि निजहरुले मृतक निमा दोर्जे लामासँग पैसाको विषयमा विवाद गरी कोठामा रहेको खकुरीले पटक पटक टाउको र गर्दनमा काटी कर्तव्य गरी मारी कोठा भित्र रहेको बुद्धचित्तको मालासमेतका धनमाल चोरी लगेको भन्ने अनुसन्धानबाट खुल्न आएको भन्ने सोही ब्यहोराको किटानी जाहेरी दरखास्त परेको देखिन्छ। प्रतिवादीहरु वारदातको झण्डै तीन महिना पछि पक्राउ परेको देखिन्छ। निज प्रतिवादीहरुको साबिती बयान, मौकामा बुझिएका सबिना बलामीले पहिले माला बेच्न ल्याउने भनी पहिचान गरेको कागज तथा रविन्द्र श्रेष्ठ र प्रकाशदेवी लामासमेतले वारदातको दिन प्रतिवादीमध्येका अम्मर बि.क.लाई मृतक निमा दोर्जे शेर्पासँग निजको कोठामा जादैं गरेको देखेको भनी कागज गराए तापनि निज प्रतिवादीहरुले नै घटना घटाएको देखेको भनी कागज गराउने र सोही आधारमा किटानी जाहेरी परेको देखिदैंन।

४७. यसमा प्रतिवादीहरुले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा, प्रतिवादी अम्मर बि.क.ले निमा दोर्जे शेर्पालाई २/३ वर्ष अगाडि निजको सेफ्टी ट्याङ्की सफा गर्दा र लाल बहादुर बि.क.ले अम्मर बि.क. मार्फत नै निमा दोर्जे शेर्पाको घर बरण्डामा रङ्ग लगाउँदा चिनेको र त्यस दिन रङ्ग लगाएको ज्याला माग्न जाँदा त्यही विषयमा विवाद भई निमा दोर्जे शेर्पा र प्रतिवादीहरुबिच धकेलाधकेल भएको र निमा दोर्जे शेर्पाले प्रतिवादीहरुलाई कठालोमा समात्नेसमेतको कार्य गरेपछि प्रतिवादी अम्मर बि.क.ले त्यही मृतकको घरमा रहेको खुंकुरीले प्रहार गरी मारेको, कोठामा रहेको बुद्धचित्तको माला लगेर कता राखेको थाहा नभएको र गेटको चावी लाएर भागेको भनी बयान गरेको र अदालतसमक्ष भने इन्कारी बयान गरेको देखिन्छ। प्रतिवादी लालबहादुर बि.क.ले सुरु अदालतसमक्ष प्रहरीले मलाई नपढिकनै बयानमा सही गर भनेको र म पढ्न नजान्ने भएकोले सहीसम्म गरेको हो भन्ने ब्यहोराको

बयान गरेबाट निजले लेखेको कुरा पढेर बुझ्न सक्ने अवस्थाको होइनन् भन्ने देखियो। त्यस्तै अम्मर बि.क.ले सुरु अदालतमा बयान गर्दा रक्सी खान्छस भने खा भनेर रक्सी खान दिएको र रक्सी खाएको बेला के के भने थाहा भएन तर मैले मृतकलाई काटिमारी मालासमेत लगेको कुरा झुठ्ठा हो भन्नेसमेतको ब्यहोराको बयान गरेको देखिन्छ।

४८. प्रतिवादी अम्मर बि.क.ले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानसँग मौकामा बुझिएका रविन्द्र श्रेष्ठले आफ्नो पसलमा जुस किनी मृतकले सँगै आएका व्यक्तिलाई खान दिएको र प्रकाश देवी लामाले प्रतिवादी अम्मर बि.क. वारदातभन्दा अघि मृतकको घरकोठामा जाँदै गरेको देखेको भनी कागज गरेको भए तापनि प्रतिवादी अम्मर बि.क.ले नै वारदात घटाएको भन्ने अन्य कुनै स्वतन्त्र प्रमाणहरुले समर्थन गर्न सकेको देखिँदैन। वारदात स्थलबाट बरामद भएको खुकुरी, ताल्चा समेतमा लागेको औँठाछाप (Finger print) मा Chance Print Developing नभएको साथै मौकाछाप अस्पष्ट भएको प्रतिवेदनबाट खुली आएकोले उक्त भौतिक संवुदमा रहेको औँठाछाप प्रतिवादीहरूको औँठाछापसँग मिलेभिडेको भन्ने अवस्थासमेत देखिँदैन। त्यस्तै प्रतिवादीहरुको घरकोठामा तलासी गर्दा अपराधमा प्रमाण लाग्ने दशी प्रमाण फेला नपरेको खानतलासी तथा बरामदी मुचुल्कासमेत देखिन्छ।

४९. प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा प्रमाणको भार वादी नेपाल सरकारमा रहने देखिन्छ। जाहेरी दरखास्त परेदेखि नै वादी नेपाल सरकारले कसूर पुष्टि गर्ने वस्तुनिष्ठ दशी प्रमाणहरु सङ्कलन गरी मालाकार रुपमा व्याख्या हुने गरी न्यायिक निकायसमक्ष पेश गर्नुपर्ने हुन्छ। सङ्कलन गरिएका तथ्य प्रमाणहरुलाई एकापसमा लयवद्ध हुने गरी सिलसिलेवार रुपमा प्रस्तुत नभएको प्रमाणको आधारमा प्रतिवादीहरुलाई कसूरदार करार गर्न मिल्ने हुँदैन। अनुसन्धान अधिकृत समक्ष गरेको साबिती बयानलाई वस्तुनिष्ट रुपले अन्य स्वतन्त्र प्रमाणले समर्थन गर्न नसकेको अवस्थामा अनुसन्धान अधिकारीसमक्ष कसूरमा साबिती रही गरेको बयानलाई मात्रै आधार मानी कर्तव्य ज्यान जस्तो गम्भिर अपराधमा प्रतिवादीहरुलाई कसूरदार ठहर गरी सजाय गर्नु न्यायोचित देखिएन।

५०. प्रस्तुत वारदातमा मृतकको मृत्यु Sharp force wounds to the head and neck को कारण भएको भन्ने लासजाँच प्रकृति मुचुल्काबाट उल्लेख भएको देखिए तापनि उक्त घटनामा प्रयोग भएको धारिलो हतियार खुकुरी यिनै प्रतिवादीहरुले प्रहार गरेको भन्ने वस्तुनिष्ठ रुपमा प्रमाणित भएको अवस्था छैनः। खुकुरी प्रहारबाट मृत्यु हुनु एक पक्ष हो तर उक्त खुकुरी कसले प्रहार गरेको हो भन्ने प्रश्न फौजदारी कसूरमा विवादरहित तवरले प्रमाणित हुनु आवश्यक हुन्छ। बरामद भएको खुकुरी एवं ताल्चा समेतमा यी प्रतिवादीहरुको औँठाछाप (Finger Print) नमिलेको अवस्थामा उक्त खुकुरीको प्रहार यिनै प्रतिवादीहरुबाट भएको भन्ने निष्कर्षमा पुग्नु

फौजदारी विधिशास्त्रको विपरीत हुन जान्छ। सोका अलावा प्रतिवादीहरुले मृतकलाई मारी बुद्धचित्तको माला समेत चोरी गरी लगेको भन्ने अभियोगदावी रहेकोमा विवादित बुद्धचित्तको माला प्रतिवादीहरुको साथबाट बरामद भएको अवस्था छैन भने उक्त वस्तु अन्यत्र कसैलाई बिक्री गरेको भन्ने ब्यहोरालाई पुष्टि गर्ने तथ्य प्रमाण नरहेको अवस्थामा घटनाको मुल कडीको रुपमा देखाइएको बुद्धचित्तको मालाको अस्तित्त्व प्रकट नभएको अवस्थामा सोही जरियाबाट प्रतिवादीहरुले मृतकको हत्या गरेको होलान भन्ने निष्कर्षमा पुग्न सकिने अवस्था रहदैन। प्रतिवादी लालबहादुर बि.क. ले मृतकको घरमा रङ्गरोगन गरेको रु.८००।- ज्याला नदिएकाले लेनदेनको कारणले हत्या गरेको भन्ने नेपाल सरकारको अर्को जिकिर तर्फ विचार गर्दा, प्रतिवादीहरुले के कुन मितिमा मृतकको घरमा रङ्गरोगन गरेका थिए भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट खुलेको अवस्था देखिदैन। घरमा लगाइएको रङ्ग कहाँबाट कुन मितिमा खरिद गरिएको थियो वा यी प्रतिवादीले उक्त घरमा कुन मितिमा रङ्ग लगाएका थिए भन्ने कुरा सो घरमा वहालमा बस्ने मानिस वा छरछिमेकले देखेका थिए भन्ने ब्यहोरा समेत मिसिल संलग्न बयान ब्यहोराबाट खुल्न आएको अवस्था देखिँदैन। केवल ज्यालाको विषयको कारणले हत्या गरिएको भन्ने तथ्य प्रमाणिक रुपमा पुष्टि नभएको अवस्थामा ज्यान जस्तो सङ्गीन प्रकृतिको कसूरमा प्रतिवादीहरुलाई कसूरदार ठहर गर्न मिल्ने देखिदैन।

५१. अब, जाहेरी दरखास्तलाई प्रमाणको ग्राहयता, शङ्काको सुविधा तथा प्रमाणको भार सम्बन्धमा यस अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्त हेर्दा, नेपाल सरकार वि. यज्ञबहादुर थापासमेत भएको कर्तव्य ज्यान मुद्दामा **"जाहेरी दरखास्तलाई अदालतले अन्य सङ्कलित प्रमाणको रोहमा परीक्षण नगरेसम्म वा अन्य प्रमाणहरुले समर्थन (corroborat) नगरेसम्म त्यस्तो जाहेरी दरखास्त आफैंमा स्वतन्त्र प्रमाण हुन सक्दैन। अन्य प्रमाणबाट समर्थित नगरेसम्म जाहेरी दरखास्त केवल अपराध अनुसन्धानको क्रममा मात्र सहयोगी हुन सक्छ।"**[१] भन्ने सिद्धान्त रहेको देखिन्छ। त्यसैगरी, श्री ५ को सरकार वि. मञ्जु श्रेष्ठसमेत भएको कर्तव्य ज्यान मुद्दामा **"शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने सर्वमान्य फौजदारी न्यायको सिद्धान्त हो। यस सिद्धान्त अनुसार शंकाविहीन तरिकाबाट कसूर प्रमाणित गर्ने भार वादीमा रहन जान्छ। त्यस्तो प्रमाणको भार पुऱ्याउन नसके प्रतिवादीलाई कसूर र स्थितिको लाभ पुग्दछ।"**[२] **भन्ने सिद्धान्त रहको देखिन्छ।** त्यस्तै किशोर भन्ने रामबहादुर हमाल वि. कारागार व्यवस्थापन विभागसमेत भएको परमादेश समेत मुद्दामा **"फौजदारी अपराधमा १० जना अपराधी छुटुन् तर १ जना पनि निरअपराधिले सजाय नपाओस भन्ने सिद्धान्तबाट निर्देशित हुन्छ।"**[३] भन्ने

---

[१] नेपाल सरकार वि. यज्ञबहादुर थापासमेत, नेकाप, २०६९, अंक२. नि.नं. ८७६४, मुद्दाः कर्तव्य ज्यान ।

[२] श्री ५ को सरकार वि. मञ्जु श्रेष्ठसमेत, नेकाप २०५७, अंक ८, नि.नं. ६९३२, मुद्दाः कर्तव्य ज्यान ।

[३] किशोर भन्ने रामबहादुर हमाल वि. कारागार व्यवस्थापन विभागसमेत, नेकाप २०६७, अंक ४, निर्णय नं. ८३४५, मुद्दाः परमादेश समेत।

फौजदारी न्यायको मान्य सिद्धान्तलाई स्वीकार गरेको देखिन्छ।

५२. उल्लिखित तथ्य, प्रमाण, कानूनी प्रावधान र सिद्धान्तको रोहमा, प्रस्तुत मुद्दामा प्रतिवादीहरुले अनुसन्धान अधिकृत समक्ष गरेको साबिती बयान बाहेक अन्य कुनै बस्तुगत र निश्चयात्मक प्रमाणहरु रहेको देखिदैंन। घटनास्थलमा सङ्कलन गरिएको घटनामा प्रयोग भएको खुकुरी, ताल्चा समेतमा लागेको औँठाछाप (Finger print) सँग प्रतिवादीहरुको औँठाछाप (Finger print) मिलेभिडेको पनि देखिँदैन भने घटनास्थलबाट प्रतिवादीहरुको पहिचान खुल्न सक्ने कुनै वस्तुनिष्ठ प्रमाणको बरामद पनि हुन सकेको देखिदैन। प्रतिवादीहरुले मौकामा गरेको साबिती बयानलाई अदालत समक्ष इन्कारी गरेका छन भने मौकाको साबिती र अन्य परिस्थितिजन्य प्रमाणको अवस्थामा पनि एकरुपता रहेको देखिदैन। अन्य वस्तुनिष्ठ र निश्चयात्मक प्रमाणले समर्थित नभएको मौकाको साबिती बयानको आधारमा मात्र कसूरदार ठहऱ्याउनु न्यायोचित देखिएन। प्रतिवादीहरुको कर्तव्यबाट मृतकको मृत्यु भएको ब्यहोरा तथ्य प्रमाणद्वारा पुष्टि हुन सकेको छैन। यसरी प्रतिवादीहरूले मृतक निमा दोर्जे लामाको कर्तव्य गरी जबरजस्ती चोरी गरेको पुष्टि हुने ठोस र तथ्ययुक्त सवुद प्रमाण वादी पक्षबाट पेस गर्न नसकेको अवस्थामा कर्तव्य ज्यान जस्तो गम्भिर फौजदारी कसूरमा शंकारहित र स्वतन्त्र प्रमाणको अभावमा केवल अनुसन्धान अधिकारी समक्षको साबितीलाई मात्र आधार मानेर प्रतिवादीहरूलाई कसूरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादीहरू अम्मर बि.क. र लालबहादुर बि.क.ले अभियोग दावीबाट सफाई पाउने गरी सुरु काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला कानून र प्रमाण मूल्याङ्कनको रोहबाट मिलेको नै देखिन्छ। वादी नेपाल सरकारको प्रतिवादीहरुलाई अभियोगदावी बमोजिम सजाय गरी पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिएकाले यस अदालतबाट मिति २०७६।११।३० मा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिइएको आधार कारणसँग पनि सहमत हुन सकिएन।

५३. तसर्थ, माथि उल्लिखित आधार र कारणहरुबाट प्रतिवादीहरु अम्मर बि.क. र लालबहादुर बि.क. लाई साविक मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३ (१) तथा चोरीको महलको १४ (२) बमोजिम सजाय गरी पाउँ भन्ने अभियोगदावी पुग्न नसक्ने ठहऱ्याई सफाई दिने गरी सुरु जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७५।१।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। तथापी, मृतक निमा दोर्जे लामाको मृत्यु कर्तव्यबाट भएको भन्ने लासजाँच प्रकृति मुचुल्का, घटना प्रकृति मुचुल्का र दसी प्रमाणबाट देखिएको अवस्थामा उक्त घटनाको बारेमा सुक्ष्म तवरले प्रभावकारी र वैज्ञानिक अनुसन्धान गरी वास्तविक कसूरदार पत्ता लगाउने तर्फ गहनतम कार्य गर्नु गराउनु भनी अनुसन्धानमा

संलग्न हुने प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो एवं अभियोजन पक्ष महान्यायाधिवक्ताको कार्यालय समेतको नाममा निर्देशन समेत दिइएको छ। अरू तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

१. माथि ठहर खण्डमा उल्लेख भएबमोजिम मृतक निमा दोर्जे लामाको मृत्यु कर्तव्यबाट भएको भन्ने लासजाँच प्रकृति मुचुल्का, घटना प्रकृति मुचुल्का र दसी प्रमाणबाट देखिएको अवस्थामा उक्त घटनाको बारेमा सुक्ष्म तवरले प्रभावकारी र वैज्ञानिक अनुसन्धान गरी वास्तविक कसूरदार पत्ता लगाउने तर्फ गहनतम कार्य गर्नु गराउनु भनी अनुसन्धानमा संलग्न हुने प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो एवं अभियोजन पक्ष महान्यायाधिवक्ताको कार्यालय समेतको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहरेकोले उक्त आदेश तत्काल कार्यान्वयन गर्न फैसलाको प्रतिलिपि सहित प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो एवं महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउनू।

२. फैसलाको प्रतिलिपिसहितको जानकारी महान्यायाधिवक्ता कार्यालयलाई दिनू।

३. सरोकारवाला फैसलाको नक्कल माग्न आएमा नियमानुसार नक्कल दिनू।

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसलाको विद्युतीय प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(बालकृष्ण ढकाल)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(नृपध्वज निरौला)
न्यायाधीश

इजलास अधिकृत : उदय प्रकाश लिम्बु
कम्प्यूटर : मिनु शाही
इति संवत् २०८२ साल जेठ महिना २२ गते रोज ५ शुभम् ----------